नेपाल सरकार
श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग
श्रम तथा रोजगार कार्यालय, जनकपुरधाम, धनुषा

# सुचना सुचना सुचना

श्रम ऐन, २०७४ र नियमावली, २०७५ आकर्षित हुने र यस कार्यालयको क्षेत्राधिकार भित्र रहेका सबै प्रतिष्ठानहरुलाई श्रम तथा रोजगार कार्यालय, जनकपुरधाम, धनुषाको अत्यन्त जरुरी सूचना श्रम अडिटसम्बन्धी कानूनी प्रावधानहरु देहाय बमोजिम रहेका छन ।

श्रम ऐन, २०७४ को दफा १०० श्रम अडिट गर्नु पर्नेः

(१) प्रत्येक प्रतिष्ठानले प्रतिष्ठानमा यस ऐन, नियमावली र प्रचलित कानून बमोजिम काम कारवाही भए नभएको सम्बन्धमा तोकिए बमोजिम श्रम अडिट गरी सोको प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन कार्यालय वा निरीक्षकले यस परिच्छेद बमोजिम निरीक्षण गर्दा वा माग गरेका बखत कार्यालय वा निरीक्षकलाई उपलब्ध गराउनु पर्नेछ ।

त्यसै गरी श्रम नियमावली, २०७५ को नियम ५६ मा श्रम अडिटसम्बन्धी देहाय बमोजिमको व्यवस्था छ ।

नियम ५६. श्रम अडिट गर्नु पर्नेः

(१) प्रतिष्ठानले ऐन र यस नियमावली बमोजिम काम कारवाही भए नभएको सम्बन्धमा प्रत्येक वर्षको पौष मसान्तभित्र आफ्नो प्रतिष्ठानको सम्बन्धमा मन्त्रालयले तोकेको मापदण्ड बमोजिम प्रतिष्ठानको आफ्नै व्यवस्थापकीय तहको श्रमिक वा श्रम क्षेत्रसँग सम्बद्ध अन्य कुनै व्यक्ति वा संस्था मार्फत श्रम अडिट गराउन सक्नेछ ।

(२) प्रतिष्ठानले उपनियम (१) बमोजिम गरेको श्रम अडिटको प्रतिवेदन अनुसूची १० बमोजिमको ढाँचामा राख्नु पर्नेछ। त्यस्तो प्रतिवेदन ऐनको दफा १८ बमोजिम प्रतिष्ठानको निरीक्षण गर्ने निरीक्षकलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) श्रम अडिट गर्ने व्यक्तिले अडिट प्रतिवेदनमा गलत विवरण उल्लेख भएको पाइएमा श्रम कार्यालयले त्यस्तो गलत विवरण दिने व्यक्ति र प्रतिष्ठानको व्यवस्थापकलाई पटकै पिच्छे ऐनको दफा १६३ को उपदफा (२) को खण्ड (ख) बमोजिम जरिवाना गर्न सक्नेछ

(४) प्रतिष्ठानले ऐन तथा यस नियमावली बमोजिम गरेको श्रम अडिट प्रतिवेदनको प्रति श्रम सम्बन्ध समिति र प्रतिष्ठानसँग सम्बन्धित देहाय बमोजिमको नियामक निकायलाई समेत दिनु पर्नेछः-

(क) बैंक तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकमा,

(ख) बीमा कम्पनीले बीमा समितिमा,

(ग) गैर सरकारी संस्थाले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा,

(घ) अन्य प्रतिष्ठानले आफूलाई स्थापना वा सञ्चालन अनुमति प्रदान गर्ने निकायमा ।

माथि उल्लिखित स्पष्ट कानूनी व्यवस्थाका बाबजूद यस कार्यालयको क्षेत्राधिकारभित्र रहेका कतिपय प्रतिष्ठानहरुले आजको मितिसम्म पनि माथि उल्लिखित श्रम अडिट गरी यस कार्यालयमा पेश गरेको नपाइएकोले कानून बमोजिम तुरुन्त श्रम अडिट गरी कार्यालयमा पेश गर्नुहुन सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । श्रम अडिट गरी कार्यालयमा पेश गर्नुहुन वा कार्यालयको इमेल ठेगाना labouroffice9@gmail.com मा पठाउनुहुन अथवा www.ilmis .dolos.gov.np मा लग इन गरी फारम भरी तुरुन्त पेश गर्नुहुन अनुरोध छ ।यस सम्वन्धमा कुनै समस्या भए देहाय सम्पर्क गर्नु हुन अनुरोध छ ।

श्रम तथा रोजगार कार्यालय, जनकपुरधाम, धनुषा

https://janakpur.leo.gov.np